५२ औं वैठक

आज मिति २०७७/०४/२३ गतेका दिन दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १। | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २। | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३। | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४। | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५। | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६। | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७। | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८। | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९। | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०। | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११। | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२। | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३। | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४। | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५। | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६। | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७। | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८। | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०। | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१। | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२। | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३। | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४। | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५। | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७। | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८। | श्री रिम्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९। | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०। | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner

**निर्णय नं. १**

यस उप-महानगरपालिकाको गत आ.व. २०७६/०७७ को वार्षिक लेखापरीक्षण प्रतिवेदन - २०७७ नगर कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु भै व्यहोरा अवगत भयो। सो सम्बन्धमा असुल गर्ने भनी तोकिएका बाहेक नियमित गर्ने बेरुजु प्रमाण पुऱ्याई नियमित गर्ने र असुल गर्नु पर्ने नियमानुसार असुल गर्न नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७७/०७८को स्वीकृत कार्यक्रमको खरिद योजना र कार्यान्वयन कार्ययोजनालाई स्वीकृत गर्ने निर्णय गरियो। (Procurement Plan & Implementation Plan दुवै स्वीकृत गरिएको छ।)

**निर्णय नं. ३**

"धनगढी पोलीटेक्निक इन्स्टिच्युटको संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७" स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

धनगढी उप-महानगरपालिकाको "फोहोरमैला व्यवस्थापन नियमावली, २०७७" को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

धनगढी उप-महानगरपालिकाको "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७" को प्रस्ताव स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं. ६**

धनगढी उप-महानगरपालिकाको गत आ.व. २०७६/०७७ को योजना तथा कार्यक्रमहरुको वार्षिक अनुगमन प्रतिवेदन - २०७६ छलफल गरी सो अनुसार गर्न/गराउन स्वीकृत समेत गरियो।

**निर्णय नं. ७**

यस धनगढी उप-महानगरपालिकामा संचालित "सुरक्षित आप्रवासन परियोजना (सामी)" को गत आ.व. ०७६/०७७ को कार्यसम्पादन प्रतिवेदन सन्तोषजनक देखिएकोले सोहि सेवा प्रदायक संस्था ट्रेस प्रा.लि. लाई नै उल्लिखित परियोजना संचालन गर्न स्वीकृति प्रदान गरी पुनः चालु आ.व. २०७७/०७८ का लागि थप एक वर्ष म्याद थप गर्न स्वीकृती प्रदान गरियो।

**निर्णय नं. ८**

दलित हक तथा अधिकार सम्बन्धी कार्यविधि, २०७७ विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ९**

धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार नगर दररेट निर्धारण समितिको सदस्यको लागि नगर कार्यपालिकाको तर्फबाट धनगढी उप-महानगरपालिका, वडा नं. १ का वडा अध्यक्ष श्री सन्तोष मुडभरीलाई तोक्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस धनगढी उप-महानगरपालिकाको वडा नं. १ मा रहेको वि. पोलिटेक्निक प्रा.लि.ले भाडामा लिएको भवन र परिसर मिति २०७७/०४/०१ देखि ऐ.ऐ. आश्विन मसान्त सम्म रु. २,२०,०००/- का दरले नगरपालिकाले भाडामा लिई महिला आइसोलेसन केन्द्र संचालन भै रहेकोमा उल्लिखित मासिक भाडा दररेट र भाडा सम्झौता समर्थन गर्ने निर्णय गरियो। साथै सम्बन्धित दोस्रो पक्षलाई भाडा दिने श्रोतको हकमा UNDP धनगढी प्रदेश कार्यालयसँग अनुरोध गर्ने र प्राप्त भएको भाडा अनुदानमा नपुग हुने रकम न पा.को आन्तरिक आयबाट भुक्तानी लेख्ने एवम् UNDP बात प्राप्त अनुदान रकम न.पा.को आन्तरिक आय आन्तरिक आय शिर्षकमा सोधभर्ना मिलान गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ११**

यस न.पा.को कार्यपालिकाको नि.नं. ०५ मार्फत स्वीकृत गरेको "धनगढी उप-महानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७" अनुसार सो कार्यविधि २०७७ को परिच्छेद - ५, विविध खण्डको दफा १४ को प्राविधिक समिति गठन गर्ने उल्लिखित प्रावधान बमोजिम तपसिल बमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क) योजना तथा प्राविधिक शाखाका (शहरी विकास तथा पूर्वाधार शाखा प्रमुख) डिभिजनल इन्जिनियर श्री दिज राज भट्ट - संयोजक

ख) आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विज्ञको रुपमा यस कार्यालयको RUDP परियोजनामा कार्यरत वातावरण अधिकृत (प्राविधिक) श्री अशोक अवस्थी - सदस्य

ग) नगरपालिकाका वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख श्री हरि प्रसाद भट्ट - सदस्य सचिव

साथै उल्लिखित प्राविधिक समेत उल्लिखित कार्यविधिको दफा १४, उप-दफा (२) को कानूनी व्यवस्था अनुसार गर्नु / गराउनु परेमा समेत आवश्यकता अनुसार गर्ने / गराउन निर्णय गरियो ।

**निर्णय नं. १२**

- कोभीड - १९ को महामारीका कारण आन्तरिक आयको अवस्थामा समिक्षा गरियो र देहाय बमोजिम रहेको आन्तरिक आय न्यून हुनका कारण देहाय बमोजिम रहेको निष्कर्ष सहित बैठकमा प्रस्तुत गरियो ।

OSR (Own Source Revenue)

| आ.व. | अनुमान | यथार्थ | वृद्धि / घटी |
|---|---|---|---|
| २०७५/०७६ | १३८५०००००।०० | १४५९५३६२९।०० | लक्ष्य भन्दा ५% वृद्धि |
| २०७६/०७७ | १७१८०००००।०० | १४५४७०९९७।०० | लक्ष्य भन्दा १६% कमि |

- बन्दबन्दीका कारण बजार पूर्ण रुपमा बन्द रहेकाले व्यवसाय कर न्यून रुपमा संकलन भएको । यस उप-महानगरपालिकाबाट आन्तरिक आयको लागि आ.व. ०७६/०७७ मा लगाएको ठेक्का प्राकृतिक नदीजन्य पदार्थको उत्खनन, बिक्रि, वितरण र संकलनमा (ढुंगा, गिट्टी र बालुवा), कवाड कर, विज्ञापन कर र बहाल बिटौरी करहरुमा सम्झौता बमोजिम चार महिना बराबरको रकम छुट गरिएको । २०७६ चैत्र, २०७७ बैशाख र जेष्ठको बहाल रकममा पचास प्रतिशत रकम छुट सहुलियत प्रदान भएको ।
- व्यवसायका सम्पूर्ण अवसरहरु बन्द रहेका र बजार खुलेपनि व्यापार व्यवसायमा संकुचन आएको । राज्यको संपुर्ण ध्यान स्वास्थ्य क्षेत्रमा मात्र गएको ।

**निर्णय नं. १३**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका रोडहरुमा निर्माण सम्बन्धी र व्यापारिक सामान थुपारी बाटो अवरुद्ध गर्नेहरुमा बढीमा ७ दिनको लागि सामान राख्ने भएमा यस कार्यालयबाट अनुमति लिई मात्र राख्ने व्यवस्था मिलाउने अन्यथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा बमोजिम सेवा शुल्क लगाउने प्रावधान बमोजिम तोकिएको दररेटमा उठाउने गरी रु. ५००००/- न्युनतम सेवा शुल्क कायम गरी बढाबढको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

नेपाल सरकार घोषणा गरेको बन्दाबन्दीको अवधिको घरधनीले दुई महिना सम्मको बहाल रकममा दुई महिना सम्मको बहाल रकममा छुट दिएको स्व-घोषणा गरी आएमा यस आ.व. २०७७/०७८ मा लाग्ने करमा १०% छुट दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १५**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने व्यापारिक प्रयोजनका माछा प्रति के.जी. रु. २०/- र तरकारी तथा फलफुलजन्य पदार्थ प्रति क्विन्टल रु. १५/- मा ठेक्का उठाउने गरी रु. १६,५१,०००/- मा बालाजी कन्स्ट्रक्सनको ठेक्का सदर भएकोमा हाल भारतबाट माछा नआइरहेको हुँदा निजले माछा हटाई तरकारी तथा फलफुलजन्य पदार्थमा मात्र शुल्क उठाउने गरी ठेक्का सम्झौता गराई पाउँ भनी मिति २०७७/०४/०४ गते यस कार्यालयमा निवेदन पेश गरेको हुँदा यस चालु आ.व. ०७७/०७८ भरी नै माछा आउने / नआउने सम्बन्धित आधिकारिक निकायबाट (भंसार कार्यालय र क्वारेन्टाइन कार्यालय कैलाली) को पत्रको आधारमा उक्त माछाजन्य सामानको आइटममा कबोल अंक कटाई फलफुलजन्य पदार्थको मात्र चालु आ.व. ०७७/०७८ को कुल अंक रकम रु. ७०७०००/- कायम गरी सो कबोल रकममा सम्झौता गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

चौँथो पटक मिति २०७७/०३/२५ गते सूचना प्रकाशित गर्दा समेत विज्ञापन करको सूचनामा कसैले पनि बोलपत्र पेश नगरेको हुँदा यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थल, चौक, सडक वा कसैको निजि घर-पर्खालमा कुनै उत्पादक कम्पनि वा अन्य व्यवसायीहरुले आफ्नो व्यवसायको प्रचार-प्रसारका लागि लगाइएका होर्डिंग बोर्ड, साइन बोर्ड, ग्लोब बोर्ड, स्टल, ब्यानर, भित्तेलेखन आदि सामग्रीहरुबाट ३ (तीन) आ.व.का लागि यस उप-महानगरपालिकाको आर्थिक ऐन, २०७७ मा उल्लेख भए अनुसारको दरबाट उठाउने गरी पाँचौ पटक समेत न्युनतम डर रु. १८००००० (अक्षरुपी रु. अठार लाख मात्र) कायम गरी दोस्रो र तेस्रो आ.व.का लागि सबैको जानकारीका लागि ७ दिनको समय दिई सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

राजश्व सुधार कार्ययोजना अध्यावधिक गर्नका लागि देहाय बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

प्र.प्र.अ. श्री नारायण प्रसाद सापकोटा - संयोजक

डि.ई. श्री दिज राज भट्ट - सदस्य

ले.अ. श्री सरस्वति जोशी - सदस्य

आ.ले.प.अ. श्री लेखनाथ ओझा - सदस्य सचिव

आमन्त्रित विज्ञका रुपमा

डा. हेमराज पन्त, कैलाली बहुमुखी क्याम्पस ।

श्री पुष्पराज कुँवर, कैलाली उद्योग बाणिज्य संघ ।

श्री शान्ति अधिकारी, एरिष्टो इंगलिस स्कुल ।

डा. पदमराज जोशी, कैलाली बहुमुखी क्याम्पस ।

डा. राजेन्द्र बिर चन्द, कैलाली बहुमुखी क्याम्पस ।

डा. नारायण बास्कोटा, RUDP ।

डा. गोपाल हमाल, ध.उ.म.न.पा.-४, कैलाली ।

श्री कार्यालय प्रमुख, आन्तरिक राजश्व कार्यालय, कैलाली ।

श्री पुस्कर ओझा, कैलाली उद्योग बाणिज्य संघ ।

श्री दुर्गा प्रसाद जोशी, ध.उ.म.न.पा.-२, कैलाली ।

श्री राजेश भण्डारी, ध.उ.म.न.पा-४, कैलाली ।

श्री रुक्मिणी देवकोटा, ध.उ.म.न.पा.-४, कैलाली ।

Scanned with CamScanner

श्री राजेन्द्र अग्रवाल, ध.उ.म.न.पा.-१, कैलाली।
श्री यज्ञराज भण्डारी, ध.उ.म.न.पा.-४, कैलाली।
श्री प्रकाश सेठी, निर्माण व्यवसायी।
श्री यज्ञ राज उपाध्याय- अध्यक्ष निर्माण व्यवसायी सघं कैलाली।
आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**निर्णय नं. १८**

यस कार्यालय र वडा कार्यालयमा कार्यरत निजामती सेवाका कर्मचारी बाहेक सम्पूर्ण जनप्रतिनिधिहरु, स्थायी, करार एवम् ज्यालादारी कर्मचारीहरुको COVID-19 बिमाको लागि लाग्ने प्रतिव्यक्ति दस्तुर रु. ३००/- का दरले लाग्ने शुल्क रकम नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्न अख्तियारी प्रदान गरियो। साथै निजामती सेवाका नगरपालिकामा कार्यरत कर्मचारीहरुको रु. १,००,०००/- (अक्षरुपी रु. एक लाख मात्र) बराबरको COVID-19 सुरक्षा बिमा नेपाल सरकारबाट भएकाले नगरपालिकाबाट निजामती कर्मचारीको हकमा COVID-19 सुरक्षा बिमा शुल्क भुक्तानी गर्न आवश्यक नपरेकोले सो व्यहोरा समेत अवगत गरियो।

**निर्णय नं. १९**

समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस धनगढी उप-महानगरपालिकाका वडा नं. १-१९ सम्मका व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) सम्बन्धित ढड्डा पाना करिब अठार हजार साइज ए.थ्री., का २०० वटा रजिष्टरको सेवा प्रदायक संस्थाबाट डिजिटाइजेसन गर्नको लागि Specification तयार गर्न प्रति पानाको इकाई दररेट कायम गर्न उल्लिखित कार्य विवरणको आधारमा तपसिल अनुसारको इकाई दररेट कायम गर्ने निर्णय गरियो। साथै सोका आधारमा तपसिल अनुसारको लागत अनुमान समेत स्वीकृत गरियो।

**तपसिलः**

| क्र.सं. | कार्य विवरण | प्रति इकाई दररेट | संख्या | प्रति पाना प्रतिव्यक्ति |
|---|---|---|---|---|
| १ | Scanning | रु. ८ | १८००० | १४४०००/- (भ्याट सहित) |
| २ | Entry (९०,००० प्रति व्यक्ति) | रु. ४.४८ | ९०,००० | ४०३२००/- (भ्याट सहित) |
| ३ | व्यवस्थापन खर्च | प्रचलित नियमानुसार | गोटा/ पटक | १००८००/-(भ्याट सहित) |
| ४ | जम्मा लागत खर्च रु . | | जम्मा | रु. ६,४८,०००/- |

निर्णय बन्द
२०७७।०४।२२